# शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

**स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।**

## परिच्छेद – एक
## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नामः- यस कार्यविधीको नाम **शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५** रहनेछ।
(२) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद – दुई
## परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,
(१) कार्यविधि भन्नाले शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई बुझाउनेछ ।
(२) मुल्याकन समिति भन्नाले शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ तोकिएको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा मुल्यांकन गरी सिफारिस गर्न गठित समितिलाई बुझाउनेछ ।
(३) नगरपालिका भन्नाले शितगंगा नगरपालिकाको कार्यालय, अर्घाखाँचीलाई जनाउनेछ ।

## परिच्छेद–तीन
## मुल्यांकन समितिको गठन

(१) नगर कार्यपालिकाले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी को स्वीकृती प्रदानकोलागि निबेदकको अनुसूची ५ बमोजिम योग्यताको मुल्याकन गरी कार्यपालिका समक्ष सिफारिस गर्न निम्नानुसारको मुल्याकन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) प्राविधिक शाखा प्रमुख – सदस्य

(ख) इन्जिनियर प्राविधिक शाखा – सदस्य

(ग) आ.प्र. शाखा प्रमुख – सदस्य

(झ) उद्योग, सहकारी तथा उपभोक्ता हित शाखा प्रमुख – सदस्य सचिव

आवश्यकता अनुसार मुल्यकन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ । मुल्याकन समितिले तोकिएको मापदण्ड पुरा गरेको पाइएमा आवश्यक निर्णयको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरकार्यपालिका समक्ष पेश गर्नेछ ।

## परिच्छेद–चार
## इजाजतपत्र

